बडीमालिका नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १ संख्या २४ मिति २०७४ चैत्र २५,आईतबार

भाग:२

## युवा नीति,२०७४

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,
त्रिलोक चन्द
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## १. पृष्ठभूमि :

युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो । युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका संवाहक शक्ति हुन् । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण यो वर्ग राष्ट्रको प्रमुख धरोहरको रूपमा रहेको हुन्छ, जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोतसमेत मानिन्छ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्याको ४०.३ प्रतिशत र यस बडीमालिका नगरपालिकामा ३५.५८ रहेको छ । गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्रको मेरूदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु जरूरी छ ।

युवामा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी; युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति; समानता एवं समतामूलक वितरणको सिद्धान्त; संवैधानिक सर्वोच्चता; वैयक्तिक स्वतन्त्रता; विश्वव्यापी मानवाधिकारको सिद्धान्त; लोकतान्त्रिक मूल्य मान्यता; विश्वशान्ति; सह-अस्तित्व; जाति, भाषा, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संवर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रवर्द्धन हेतु राष्ट्रिय युवा नीति, २०६६ जारी गरिएको थियो । सोही नीतिले निर्देश गरेबमोजिम पाँच वर्षपछि पुनरावलोकन गरी राष्ट्रिय युवा नीति, २०७२ तर्जुमा गरिएको छ । बडीमालिका नगरपालिकामा युवा केन्द्रीत गतिविधी सञ्चालन गर्न तथा युवाको सर्वाङ्गिणका लागि स्पष्ट नीति तर्जुमागर्न वाञ्छनीय भएकोले नगरस्तरीय युवा नीति २०७४ तर्जुमा गरी लागु गरिएको छ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेका यस ऐनमा,

(क) "युवा" भन्नाले १६ देखि ४० वर्ष उमेर समुहकालाई सम्झनु पर्दछ ।

ख) "युवा निती" भन्नाले बडीमालिका नगरपालिकाको युवा निती २०७४ लाई सम्झनु पर्नेछ ।

ग) "प्रमुख" भन्नाले बडीमालिका नगर प्रमुखलाई सम्झनु पर्दछ ।

घ) "उप-प्रमुख" भन्नाले बडीमालिका नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) "अध्यक्ष" भन्नाले बडीमालिका नगरपालिकाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

च) "तोकिए बमोजिम" भन्नाले नगरस्तरिय युवा निती बमोजिम भन्ने सम्झनु पर्दछ ।

छ) "कार्यपालिका" भन्नाले बडीमालिका नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।



CamScanner

(ज) "प्राथमिकताको समूहका युवा" भन्नाले महिला, आदिवासी जनजाति, मधेशी युवालाई सम्झनु पर्दछ ।

(झ) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, मुस्लिम समुदायका युवालाई सम्झनु पर्दछ ।

(ञ) "द्वन्द्वपीडित युवा" भन्नाले २०५२ सालदेखि २०६३ मंसिर ५ गतेसम्म नेपालमा भएको सशस्त्र द्वन्द्व र पछिल्ला समयका द्वन्द्वपीडित परिवारका युवालाई सम्झनु पर्दछ।

(ट) "जोखिममा रहेका युवा" भन्नाले एच.आई.भी./एड्स सङ्क्रमित, बेचबिखनमा परेका, प्राकृतिक विपद्मा परेका, लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनु पर्दछ ।

(ठ) "अपाङ्गता भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता भएका युवालाई सम्झनु पर्दछ ।

(ड) "सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा" भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट वञ्चित, सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई सम्झनु पर्दछ ।

## ३. वर्तमान स्थिति :

युवा सरोकारका विषयलाई व्यवस्थित रुपमा सम्बोधन गरी द्वन्द्वोत्तर शान्ति तथा आर्थिक, सामाजिक रुपान्तरण हासिल गर्न छुट्टै संयन्त्रको आवश्यकता महसुस गरी २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालयमार्फत राष्ट्रिय युवा नीति, २०६६ ले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न विविध कार्यक्रम सञ्चालन गरिदै आएको छ । राष्ट्रिय युवा नीति, २०६६ ले मार्गदर्शन गरेबमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने सन्दर्भमा युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नेपाल स्काउट, राजनीतिक दलका युवासम्बद्ध संघ संगठन एवं दातृ निकायसँग समन्वय गर्दै आएको छ ।

यस बडीमालिका नगरपालिकाले यस नगरपालिकाका युवाहरुको विकासका लागि नीतिगत पहल गर्न तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि सहज होस भन्ने हेतुका साथ युवा निती २०७४ तयार गरि कार्यान्वयन गर्न लागिएको हो ।

## ४.समस्या तथा चुनौती :

बडीमालिका नगरपालिकाको कुल जनसंख्याको ३५.५८ प्रतिशत जनसांख्यिक लाभांस लिने सन्दर्भमा युवासम्बद्ध समस्या तथा चुनौतीहरुलाई चिर्न आवश्यक छ । गुणस्तरीय, समयसापेक्ष, रोजगारमूलक शिक्षाको अभाव; व्यावसायिक सीप र प्रविधिमा न्यून पहुँच; बेरोजगारी र अर्धबेरोजगारी, युवा पलायन; कमजोर स्वास्थ्य, पोषण र मनोबल; युवामैत्री लगानी र उद्यमशील वातावरणको अभाव; लैगिक, क्षेत्रीय, जातीय असमानता; तथा विश्वव्यापीकरण र उदारीकरणले ल्याएका नकारात्मक प्रभाव नेपाली युवाका समस्या एवं चुनौतीका रुपमा रहेका छन् । त्यसै गरी वर्तमान सन्दर्भमा नेपाली युवाका सम्भावना र अवसरहरु पनि उत्तिकै छन् । लोकतान्त्रिक, संघीय शासन प्रणाली र विकासमा सार्थक सहभागिताको अवसर; कृषि, पर्यटन, जलस्रोत लगायतका प्राकृतिक साधनस्रोतको प्रचुरता ; बैंक, सहकारी, लघुवित्तको बढ्दो सञ्जालबाट आर्थिक साधन स्रोतमा बढ्दो पहुँच; औपचारिक, व्यवसायीक शिक्षाको बढ्दो सञ्जाल सबैलाई शिक्षा कार्यक्रम; लक्षित समूह एवं भौगोलिक क्षेत्र केन्द्रित विभिन्न कार्यक्रमको विस्तार; सचेतना विस्तारमा विकास साझेदारको बढ्दो सञ्जाल; ठूलो संख्यामा रहेको बैदेशिक रोजगारको अवसर र त्यसबाट प्राप्त सीप, अनुभव र साधनस्रोतको उत्पादनशील क्षेत्रमा प्रयोग गर्दै आन्तरिक रोजगारी सिर्जनाको अवसर यस तर्फका अवसर हुन् । विद्यमान समस्या तथा चुनौतीलाई सम्बोधन गर्दै युवा विकासका सम्भावना तथा अवसरलाई अझै फराकिलो पार्नेतर्फ प्रस्तुत नीति लक्षित छ ।

## ५. युवा नीतिको आवश्यकता :

युवा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका संवाहक भएकाले राष्ट्रिय नीतिबाट विशेषरूपमा सम्बोधन गरी समृद्ध नगर निर्माणमा अग्रसर गराउनु अहिलेको प्रमुख आवश्यकता रहेको छ । नेपालका हरेक राजनीतिक परिवर्तन, लोकतन्त्रको स्थापना र अन्य सामाजिक आन्दोलनहरूमा युवाको महत्वपूर्ण योगदान रही आएको छ । विक्रम संवत् २०६२/०६३ को

शान्तिपूर्ण जनआन्दोलन, सशस्त्र द्वन्द्व, छाउपडी र छुवाछूत विरुद्धको मुक्ति आन्दोलनलगायतका आस्था र पहिचानका आन्दोलनहरूबाट युवाको विद्यमान अवस्थालाई विशेष रूपमा सम्बोधन गर्नुपर्ने माग उजागर भएकाले युवासम्बन्धी नीतिको आवश्यकता बढ्न गएको छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि युवाले गरेको उल्लेखनीय योगदानको कदर स्वरूप वर्ग, लिङ्ग, जाति, भाषा र धर्म जस्ता विषयहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकता छ भने अर्कोतिर अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका र पिछडिएको क्षेत्रमा रहेका युवालाई समेत विशेषरूपमा सम्बोधन गर्नु जरूरी छ। समावेशी, समानुपातिक र समविकासको सिद्धान्त अनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रिय स्वाधीनता तथा नेपालको सार्वभौमसत्तालाई अक्षुण्ण राख्न, राजनीतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक रूपान्तरणमा युवा नेतृत्वको सम्भावनालाई मूर्तरूप दिन र राज्य सञ्चालनका हरेक प्रक्रियामा युवाको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका सुनिश्चित गर्न स्थानीय सरकारले ठोस नीति अवलम्बन गर्नुपर्ने भएको छ। नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने नीति निर्देश गरेको परिप्रेक्ष्यमा राष्ट्रिय युवा नीतिको आवश्यकता झनै बढेर गएको छ।

शिक्षा आर्जनका क्रममा रहेका, रोजगारी तथा वृत्तिविकासको अवस्थामा रहेका युवाका मुद्दा तथा प्राथमिकताहरू स्वभावतः फरक हुन्छन्। युवाको संवेदनशीलतालाई दृष्टिगत गरी जीवनयापनका विविध पक्षबारे मार्गदर्शन गर्नु राज्यको प्रमुख दायित्व भएकाले त्यस्ता युवालाई लक्ष गरेर कार्यक्रम सञ्चालन गर्नु आवश्यक भएको छ।

युवा राष्ट्रको महत्वपूर्ण मानव स्रोत भएकाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत जनजीवनका हरेक क्षेत्रमा उनीहरूमा निहित क्षमताको विकास गरी राष्ट्र निर्माणमा अग्रसर गराउन राष्ट्रिय युवा नीतिको आवश्यकता अझ उजागर भएको छ। युवामा सिर्जनशीलता, वैज्ञानिकता, जिम्मेवारीपूर्ण व्यवहार, उद्यमशीलता, नागरिक सोच र

जवाफदेहिताको विकास गरी न्याय र नैतिकतामा आधारित स्वच्छ सामाजिक जीवनको विकास गर्न उनीहरूभित्र अन्तर्निहित क्षमताको विकास गर्नु जरूरी छ ।

युवा प्रतिभा पलायनलाई रोक्नका लागि उपयुक्त व्यवस्थापन गर्न तथा विश्वव्यापी रूपमै सिर्जना हुने अवसरहरूमा नेपाली युवाको पहुँच सुनिश्चित गर्दै थप सम्भावनाको विकास गर्न पनि युवा नीतिको आवश्यकता पर्न गएको छ ।

**६.दूरदृष्टि :**

युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थ्यवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी नगरको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी नगरका युवालाई नेतृत्वदायी भूमिकामा स्थापित गराउनु यस वडीमालिका नगरपालिकाको युवा नीतिको दूरदृष्टि हुनेछ ।

**७. लक्ष्य :**

युवाको सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट नगर विकासको मूलधारमा समाहित गर्दै समृद्ध, आधुनिक तथा न्यायपूर्ण नगरपालिका निर्माण गर्न युवाको सक्रियता एवं अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउनु यस नीतिको प्रमुख लक्ष्य हुनेछ ।

**८. उद्देश्य :** यस नीतिका उद्देश्य देहाय बमोजिम रहेका छन,

(१) नगर निर्माण एवं नगर विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,

(२) युवालाई नगर एवं राष्ट्रियता, जनता र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित र प्रतिबद्ध बनाउँदै उत्तरदायी र जवाफदेही बनाउने,

(३) युवा वर्गमा सिर्जनशीलता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रूपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने,

(४) श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रूपमा दक्ष युवा तयार गर्ने,

(५) युवाका आधारभूत अधिकारहरू सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरूमा उनीहरूको पहुँच बढाएर नगर तथा राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवं कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रूपमा स्थापित गर्ने,

(६) शिक्षा आर्जनका क्रममा रहेका तथा समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाको शिक्षा, रोजगारी, वृत्ति लगायतका वैयक्तिक एवं सामाजिक विकासमा सघाउने,

(७) प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने ।

९. **नीति** : बडीमालिका नगरपालिका युवा नीतिले लिएका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका नीति अख्तियार गरिने छ :

(१) युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवं मूल्य-मान्यताहरू बोध गराउने कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(२) नगरको आर्थिक, सामाजिक रूपान्तरणको प्रक्रियामा युवाको भूमिकालाई उच्च महत्व दिँदै सो प्रक्रियामा युवाको संलग्नता र नेतृत्वलाई बढावा दिइने छ ।

(३) नगरको नीति निर्माणमा अर्थपूर्ण योगदान पुऱ्याउन युवालाई आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक सशक्तीकरणका माध्यमबाट प्रोत्साहन गरिनेछ ।

(४) विश्वशान्ति, सौहार्दता, भाइचारा एवं विश्व अन्तरसम्बन्धबारे युवालाई जागरूक गराउँदै सहस्राब्दी विकास लक्ष्यका अपुरा कार्य र सन् २०१५ पछिका नयाँ प्राथमिकताका क्षेत्र

लगायत अन्तर्राष्ट्रिय स्तरमा गरिएका युवासम्बन्धी प्रतिबद्धताहरूको परिपालनामा जोड दिइने छ ।

(५) युवालाई समाजका कर्मठ, क्रियाशील, नवीनताको पक्षधर र रचनात्मक शक्तिमा परिणत गर्न समाजप्रति जवाफदेही र उत्तरदायित्व वहन गर्ने एवं लोकतान्त्रिक प्रणालीप्रति प्रतिवद्ध रहन सक्ने बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(६) युवाको उमेर समूहको आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्तिको अवसरको खोजीमा रहेका युवालाई लक्षित गरी कार्यक्रम गरिने छ ।

(७) युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी राज्य र समाजप्रति दायित्ववोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कार विकास गरिने छ ।

(८) समाजमा विद्यमान गरीबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइने छ ।

(९) निजी तथा गैरसरकारी संस्था एवं स्थानीय निकाय समेतको सहकार्यमा युवालाई सामाजिक परिवर्तनका वाहक शक्तिका रूपमा विकास गरिने छ ।

(१०) सबै वर्ग, लिङ्ग, जातजाति, धर्म, वर्ण र क्षेत्रका युवाका विविधतालाई दृष्टिगत गर्दै सशक्तीकरण र विकासका लागि समान अवसर सिर्जना गरिने छ ।

(११) नगरका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभालाई राज्यका तर्फबाट सम्मान गरिने छ ।

(१२) युवामा अन्तर्निहित प्रतिभा प्रस्फुटन, सिप र क्षमता विकास गर्न राज्यले व्यापक लगानी गर्नेछ ।

(१३) युवामा उद्यमशीलता विकास गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(१४) मुलुकको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थावारे जानकारी दिलाउँदै राष्ट्रिय विकासमा युवालाई स्वयंसेवकका रूपमा सहभागी गराउने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

(१५) गुणस्तरीय शिक्षा, तालिम, अध्ययन र अनुसन्धानका अवसरहरू सिर्जना गरिने छ ।

(१६) साहित्य, कला, संस्कृति, सङ्गीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गरिने छ ।

(१७) विभिन्न क्षेत्रका प्रतिभावान् युवालाई देशभित्रै वृत्तिविकासका अवसरहरू सिर्जना गरी प्रतिभा पलायन हुनबाट जोगाउने वातावरण सिर्जना गरिने छ ।

(१८) खेलकुदलाई व्यावसायीकरण, वैज्ञानिकीकरण र सामाजिकीकरण गर्दै यसलाई विकासको अभिन्न अङ्गका रूपमा लिई उचित साधनस्रोत परिचालनबाट युवालाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सक्षम बनाउनुका साथै खेलाडीहरूको वृत्तिविकासमा जोड दिइने छ ।

(१९) राज्यका विभिन्न निकायबाट युवाका लागि सञ्चालन गरिने कार्यक्रमहरूलाई समन्वय गर्ने एकीकृत प्रणाली विकास गरिने छ ।

(२०) युवाको स्वास्थ्य सेवामाथिको पहुँच अभिवृद्धि गरी स्वास्थ्य चेतना प्रवर्द्धन गर्ने कार्यक्रमहरूलाई प्रोत्साहन गरिने छ ।

(२१) विश्वव्यापी रूपमा विस्तार हुँदै गइरहेको दुर्व्यसनमूलक र गैरसामाजिक क्रियाकलापहरूबाट नेपाली युवालाई मुक्त गर्दै युवामा सकारात्मक सोच र संस्कृति विकास गर्ने तर्फ सामाजिक प्रयासहरू लक्षित गरिने छन् ।

(२२) प्राथमिकताको समूह तथा विशेष प्राथमिकताको समूहमा रहेका युवालाई राज्यका तर्फबाट उपलब्ध गराउने सेवा सुविधामा विशेष प्राथमिकता प्रदान गरी कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(२३) दलित युवालाई अतिरिक्त अधिकारसहित राज्यको सेवासुविधा प्राप्त हुने तथा रोजगार र स्वरोजगार हुने वातावरण तयार गरिने छ ।

(२४) विभिन्न उमेरसमूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले युवालाई दुई फरक उमेर समूहमा वर्गीकरण गरी (१६-२४ वर्ष, २५-४० वर्ष) लक्षित कार्यक्रमहरू संचालन गरिने छ ।

**१०. रणनीति तथा कार्यनीति :**

प्रस्तुत नीति कार्यान्वयन गर्न राज्यका क्षेत्रगत नीतिहरूसँगको तादात्म्यमा देहाय बमोजिमका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ :

(क) शिक्षा-

(१) उच्च माध्यमिक तहसम्मको शिक्षालाई क्रमशः निःशुल्क तथा अनिवार्य बनाउनेतर्फ पहल गर्दै युवाको शिक्षामाथिको पहुँच सुनिश्चित गरिने छ ।

(२) शिक्षालाई वैज्ञानिक, व्यावहारिक र सिपमूलक बनाउँदै श्रमसँग आबद्ध गरी कम्तीमा उच्च माध्यमिक तहको शिक्षा पश्चात् सामान्य जीविकोपार्जन गर्न सक्षम बनाइने छ ।

(३) वनसम्पदा, पर्यटकीय सम्पदा, कृषि, पशुपालन, खानी, वनविज्ञान, जडीबुटी उत्पादन तथा प्रशोधन लगायतका विषयमा जोड दिई प्राविधिक शिक्षालयहरू स्थापना गरी प्राविधिक जनशक्ति तयार गरिने छ।

(४) दिगो शान्ति, राष्ट्र, राष्ट्रियता, लोकतान्त्रिक मूल्य-मान्यता, कानुनी राज्य, नागरिक अधिकार एवं दायित्वप्रति उन्मुख बनाउने खालका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(५) प्रतिभावान तथा विशेष प्राथमिकताको समूहमा पर्ने युवाका लागि छात्रवृत्ति तथा शैक्षिक ऋणको व्यवस्था मिलाइने छ ।

(६) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा आवश्यक दक्ष जनशक्ति विकास गर्ने खालका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिने छन् । साथै विदेशी श्रम बजारमा संलग्न युवालाई लक्षित गरी विशेष शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ ।

(७) उच्च शिक्षामा अध्ययनरत वा अध्ययन गरिसकेका इच्छुक युवालाई व्यावहारिक ज्ञान दिलाउन ग्रामीण क्षेत्रको विकासमा स्वयंसेवकका रूपमा सहभागी गराउने कार्यक्रम सञ्चालन गरिने छ ।

(८) औपचारिक शिक्षाबाट बञ्चित युवाका लागि आवश्यक सिपमूलक तालिम तथा साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।

(९) शिक्षामा सूचना प्रविधिको प्रयोगलाई जोड दिँदै दूर शिक्षा र खुला विश्वविद्यालयका माध्यमबाट समेत प्राविधिक शिक्षा दिने व्यवस्था मिलाइने छ ।

(ख) रोजगारी -

(१) युवा रोजगारी प्रवर्द्धन गर्न रोजगारसम्बन्धी कार्ययोजना बनाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

(२) युवा सुचना केन्द्र मार्फत युवाका लागि रोजगारी अभिवृद्धि गर्न उद्यमशीलता तथा अन्य सिपमूलक एवं व्यावसायिक तालिम प्रदान गरिने छ ।

(३) स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न कृषि, कृषिजन्य उद्योग, पर्यटन, उर्जा, पूर्वाधार विकासमा जोड दिइने छ ।

(४) युवालाई सार्वजनिक सेवामा आकर्षित गर्न उपयुक्त रणनीति तयार गरी त्यसका लागि आवश्यक सुविधाको व्यवस्था गरिने छ ।

(५) रोजगारी एवं स्वरोजगारीका अवसर सिर्जनाका लागि गाउँ र शहरमा सहकारी स्थापना गर्न युवालाई प्रोत्साहन गरिने छ ।

(६) युवामा व्यावसायिकता तथा उद्यमशीलताको विकास र रोजगारी सिर्जना गर्न आवश्यकता अनुसार वित्तीय संस्था स्थापना र विकास गरिने छ । प्राविधिक ज्ञान तथा सिप भएका युवामा उद्यमशीलता विकास गर्न प्रमाणपत्रका आधारमा युवामैत्री ऋण र बीउ पूँजी उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिने छ ।

(७) युवामा उद्यमशीलता विकास गर्न व्यवसाय सिर्जना (*Business Incubation*) सम्वन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

(८) श्रमबजार र श्रमशक्ति उत्पादनमा देखिएको असामञ्जस्य कम गर्दै श्रम बजारको आवश्यकता अनुसार युवा जनशक्ति तयार गर्न जोड दिइने छ ।

(९) कृषि क्षेत्रको आधुनिकीकरण एवं व्यावसायीकरण मार्फत अर्धबेरोजगार युवालाई पूर्ण रोजगारीको अवसर सिर्जना गरिने छ ।

(१०) युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी सोमार्फत् युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले स्थानीय तहसम्म विस्तार गरिने छ ।

(११) परम्परागत पेशालाई आधुनिकीकरण, बजारसम्म सहज पहुँचको व्यवस्थाका साथै त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन, सम्मान, सिप र तालिमको व्यवस्था गरिने छ ।

(१२) वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि स्वरोजगारी र उद्यम गर्न आवश्यक कार्यक्रम ल्याइने छ ।

(१३) वैदेशिक रोजगारीमा जाने महिलाका लागि मर्यादित रोजगारी र सुरक्षाको उचित व्यवस्था गरिने छ ।

(१४) वैदेशिक रोजगारीमा जानु अघि नै देशभित्रै युवालाई माग अनुरूपको औपचारिक तथा प्राविधिक तालिम दिई रोजगारीमा पठाउने कार्यक्रमलाई क्रमशः अनिवार्य गराइने छ।

(१५) सुरक्षित, स्वस्थ र मर्यादित कामको प्रत्याभूति गर्दै श्रमिक अधिकारलाई स्थापित गर्ने कार्यक्रमहरूलाई बढावा दिई मजदुर युवाको विकासमा जोड दिइने छ।

(१६) जोखिमपूर्ण कामबाट युवालाई मुक्त गराउन सुरक्षित र मर्यादित कामसम्बन्धी नीतिसँग तादात्म्य गरी कार्यक्रम सञ्चालन गरिने छ।

(१७) वैदेशिक रोजगारीका क्रममा विभिन्न कारणले अन्यायमा परेका, हिरासतमा परेका, जेलमा परेका, कामबाट निकालिएका, सेवा-सुविधा पाउन नसकेका युवालाई सम्बन्धित नेपाली दूतावासमार्फत कानूनी सेवा उपलब्ध गराई उनीहरूको श्रमिक अधिकार रक्षा गर्न पहल गरिने छ।

(१८) मजदुर युवाका लागि आठ घन्टे कार्यदिन र न्यूनतम ज्यालादर निर्धारण गरी त्यसलाई प्रभावकारी बनाउने र युवा मजदुरमाथि कार्यथलोमा हुने शारीरिक एवं मानसिक शोषण, यौनजन्य हिंसा र विभेदको अन्त्य गरिने छ।

(१९) गैर आवासीय नेपाली युवाको सिप, क्षमता, पुंजी उपयोग गर्न उचित वातावरण मिलाइने छ।

(२०) समान कामका लागि समान ज्यालाको प्रणाली लागू गरिने छ।

(२१) उद्यमशीलताका क्षेत्रमा लगानी गर्ने युवाको विभिन्न किसिमका उद्यमहरुलाई राज्यले वीमाको व्यवस्था गर्नेछ।

**(ग) स्वास्थ्य तथा सामाजिक सुरक्षा,-**

(१) युवाको आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ गराउँदै स्वास्थ्यसम्बन्धी सूचनामा युवाको पहुँच कायम गरिने छ।

(२) स्वास्थ्य-शिक्षालाई प्रारम्भिक तहको पाठ्यक्रमदेखि नै समावेश गरी शुद्ध खानेपानी, स्वस्थ जीवनशैली, पोषण, स्वस्थ वातावरण, जोखिममुक्त काम आदिका बारेमा प्रशिक्षित गरिने छ।

(३) युवालाई यौन स्वास्थ्य सुरक्षासम्बन्धी शिक्षा प्रदान गर्दै सबै प्रकारका यौनिक हिंसाबाट मुक्त गराउँदै सुरक्षित र सकारात्मक यौनव्यवहार अपनाउन प्रोत्साहित गरिने छ ।

(४) एच.आई.भी./एड्सको सम्भावित जोखिमबारे आम नेपाली युवालाई जानकारी उपलब्ध गराएर सचेत गराउँदै त्यसबाट सुरक्षित राख्ने रणनीति लिइने छ । साथै यसबाट सङ्क्रमित युवाका लागि विशेष परामर्श सेवा केन्द्रहरू सञ्चालन गर्ने, औषधिहरू सुलभ तरिकाबाट नियमित रूपमा उपलब्ध गराउने र सङ्क्रमित युवा उपर हुने गरेका सबै खाले सामाजिक विभेदबाट मुक्त गराउने वातावरण तयार गरिने छ ।

(५) घातक प्रकृतिका रोगहरूबाट युवालाई जोखिममुक्त गराउन स्वास्थ्यसम्बन्धी परामर्श सेवा केन्द्रहरू स्थापना गरिने छ ।

(६) युवाको खाद्य अधिकार सुरक्षित गर्दै भोकमरी र कुपोषणबाट बचाउन कुपोषण प्रभावित युवालक्षित विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

(७) प्राकृतिक चिकित्सा, आत्म चिकित्सा, योग, ध्यान, आत्मसुरक्षा कला लगायतका माध्यमबाट युवाको स्वास्थ्य प्रवर्द्धन गर्दै जैविक तथा स्वच्छ आहार-विहार र सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

(८) दाम्पत्य जीवनसँग सम्बन्धित विषयमा युवालाई मनोवैज्ञानिक तथा अन्य संवेदनशील विषयमा परामर्शका लागि युवा सूचना तथा परामर्श केन्द्रको स्थापना गरिने छ ।

(९) राज्यका तर्फबाट युवाको स्वास्थ्य अधिकारको रक्षाका लागि स्वास्थ्य बीमाको व्यवस्था गर्न पहल गरिने छ ।

(१०) परिवार नियोजन, मातृशिशु स्याहार, मातृत्व अधिकार, शिशु जन्मान्तर जस्ता विषयमा स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी युवालाई प्रशिक्षित गरिने छ ।

(११) महिलाको प्रजनन अधिकार स्थापित गर्दै उनीहरूको प्रजनन स्वास्थ्य स्थितिमा सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

(१२) गर्भवती र प्रसूती अवस्थाको हेरचाहलाई राज्यको दायित्वको रूपमा स्थापित गर्नेतर्फ कार्यक्रम सञ्चालन गरिने छ ।

(१३) युवाको मानसिक स्वास्थ्य सम्बन्धमा नगरव्यापी चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै मानसिक अस्वस्थता बेहोरिरहेका युवाको उपचार र समाजमा पुनःस्थापनाका लागि मनोसामाजिक परामर्श लगायतका विशेष लक्षित कार्यक्रम सञ्चालन गरिने छन् ।

(१४) अपाङ्गता भएका युवाको स्वास्थ्य उपचार क्रमशः निःशुल्क गर्दै लैजाने व्यवस्था मिलाइने छ ।

(१५) लैङ्गिक अल्पसङ्ख्यक युवालाई लक्षित गरी स्वास्थ्य र सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरिने छ ।

(१६) विशेष प्राथमिकताको समूहमा पर्ने युवालाई सामाजिक सुरक्षाका विषयहरूमा प्राथमिकता दिइने छ ।

(१७) घरेलु तथा यौनिक हिंसा पीडित, वैदेशिक रोजगारीमा अङ्गभङ्ग र मानसिक रूपमा विक्षिप्त भएका, लागू पदार्थको दुर्व्यसनमा परेका युवालाई लक्षित गरी पुनःस्थापनाका कार्यक्रम सञ्चालन गरिने छ ।

**(घ) युवा सशक्तीकरण तथा नेतृत्व विकास,**

(१) युवाको आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक सशक्तीकरणका लागि युवा सचेतना एवं जीवन उपयोगी सीप सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

(२) युवाको वैयक्तिक र सामाजिक क्षमता विकास गर्न स्थानीय निकायहरूमार्फत कार्यक्रम सञ्चालन गरिने छ ।

(३) युवालाई स्वदेश तथा विदेशको अनुभव दिलाउन युवा आदान-प्रदान, अध्ययन भ्रमण, देशदर्शन तथा युवा शिविर कार्यक्रम सञ्चालन गरिने छ ।

(४) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा रचनात्मक कार्य गरी ख्याति कमाएका युवालाई पुरस्कृत गर्दै सम्मान गरिने छ ।

(५) युवाले नेतृत्व गरेका सङ्घ संस्था एवं राजनीतिक युवा सङ्गठनको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(६) विभिन्न क्षेत्रमा संलग्न युवाको नेतृत्व विकासका लागि राष्ट्रिय युवा परिषद् मातहत युवा नेतृत्व विकास तालिम प्रतिष्ठानको स्थापना गरिनेछ ।



CamScanner

(ङ) सहभागिता तथा परिचालन,-

(१) राष्ट्र निर्माण, सामाजिक सेवाका विविध पक्ष, राज्यमा आइपर्ने विपत्ति, दुर्घटना तथा आपतकालीन अवस्थामा उद्धार कार्यमा आम युवालाई स्वयंसेवीका रूपमा परिचालन गरिने छ ।

(२) शैक्षिक वेरोजगार युवालाई लक्षित गरी न्यूनतम जीवन निर्वाह भत्ता दिई दक्ष स्वयंसेवीका रूपमा परिचालन गरिने छ ।

(३) नेपालको शान्ति प्रक्रिया, राज्यको पुन:संरचना र त्यसपछिका राष्ट्रनिर्माणका कार्यमा युवाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गराई त्यसको कार्यान्वयनमा युवाको अग्रणी भूमिकालाई जोड दिइने छ ।

(४) अन्तर्राष्ट्रिय मञ्चहरूमा युवाको सहभागिता सुनिश्चित गर्ने प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(५) सबै तहका नीति तथा योजना निर्माण र कार्यान्वयनका प्रक्रियाहरूमा युवालाई अर्थपूर्ण रूपमा सहभागी गराइने छ ।

(६) पूर्वाधार निर्माण, विद्यालय, वन लगायत विभिन्न सामुदायिक कार्यको व्यवस्थापनमा युवालाई संलग्न गराइने छ ।

(७) युवालाई समाजप्रति उत्तरदायी बनाई सामाजिक रूपान्तरणका वाहकका रूपमा परिचालन गर्न उत्तरदायित्व प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(८) युवालाई सामाजिक कार्यक्रममा हिस्सेदारका रूपमा सक्रिय सहभागी गराई सामाजिक जवाफदेही र उत्तरदायित्व बहन गर्ने वातावरण सिर्जना गरिने छ ।

(९) छुवाछुत, झुमा, देउकी, बादी, बोक्सी, कमारा/कमारी, हलिया, हरूवा, कमैया/कम्लरी, दाइजो, छाउपडी प्रथा जस्ता कुरीति, अन्धविश्वास र कुसंस्कार विरूद्ध आम युवालाई परिचालन गरिने छ ।

(च) कला, साहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन,-

(१) यस नगरपालिकामा रहेका विभिन्न कला र सांस्कृतिक धरोहरहरूको संरक्षण र संवर्द्धन गर्न युवालाई कला साहित्यका कार्यक्रममा संलग्न हुन प्रोत्साहन गरिने छ ।

(२) युवालाई राष्ट्र र जनताका सेवामा अभिप्रेरित गर्न मानसिक र शारीरिक रूपमा तन्दुरुस्त राख्ने कुरालाई ध्यान दिंदै राष्ट्रको गौरव र प्रतिष्ठा बढाउने ढङ्गले खेलकुद क्षेत्रलाई संस्थागत रूपमा विकास गरिने छ ।

(३) स्वस्थ जीवनका लागि खेलकुदलाई अनिवार्य शिक्षाको रुपमा विकास गर्न पहल गरिनेछ ।

(४) खेलकुद, कला र साहित्यको विकासका लागि विद्यालयदेखि विश्वविद्यालयसम्म योजनाबद्ध ढङ्गले प्रशिक्षण गराउँदै स्वस्थ प्रतिस्पर्धाका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी, कलाकार र साहित्यकार उत्पादन हुने वातावरण निर्माण गरिने छ ।

(५) विभिन्न साहित्यिक संस्था, सांस्कृतिक समूह, नाट्य मण्डली, युवा तथा खेलकुद क्लबहरूलाई प्रोत्साहन गर्न आकर्षक पुरस्कार, सम्मान र आर्थिक तथा भौतिक सुविधा प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिने छन् ।

(६) युवामाझ खेलकुद, सिर्जनशीलता तथा अभिव्यक्ति कलाप्रति अभिरुचि बढाउन प्रशिक्षण, प्रतिस्पर्धा एवम् प्रोत्साहन गर्नुका साथै अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा प्रतिस्पर्धात्मक सहभागिता बढाई नगरको गौरव बढाइने छ ।

(७) टोल, गाउँ, नगर र जिल्ला तहमा सांस्कृतिक तथा खेलकुद केन्द्रहरू खोल्न प्रोत्साहन गरी संस्कृति, कला र खेलकुदको विकास गर्न स्थानीय निकायहरूलाई परिचालन गरिने छ ।

(८) खेलकुदमा महिला सहभागिता विस्तार गर्न विभिन्न प्रतियोगिता आयोजना गरिने छ ।

(९) अपाङ्गता भएका युवालाई लक्षित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मैत्रीपूर्ण, प्रतिस्पर्धात्मक र मनोरञ्जनात्मक खेलहरू सञ्चालन गरिने छ ।

(१०) युवाको खाली समय सदुपयोग गर्न विभिन्न मनोरञ्जनात्मक गतिविधि सञ्चालन गरिने छ ।

**(छ) लागु पदार्थको दुर्व्यसन नियन्त्रण,-**

(१) युवामा दुर्व्यसन र विकृतिलाई निरूत्साहित गर्न सरकारी, निजी क्षेत्र, राजनीतिक सङ्गठन र गैरसरकारी सङ्घ संस्थाहरूलाई व्यापक रूपमा परिचालन गरी निरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(२) लागु औषध प्रयोग गरिरहेका युवाका लागि परामर्श तथा पुन:स्थापना केन्द्रहरू सञ्चालन गरी समाजमा पुन:स्थापना गरिने छ ।

**) मानव तस्करी तथा बेचबिखन नियन्त्रण,-**

(१) विभिन्न मुलुकमा भइरहेको नेपाली युवाको तस्करी रोक्न कडा कानूनी व्यवस्था गरी कार्यान्वयन गरिने छ ।

(२) अवैध एवं असुरक्षित गन्तव्यमा नेपाली युवालाई विदेशिन नदिन आवश्यक प्रबन्ध गरिने छ ।

(३) मुलुकभित्र र बाहिर हुने गरेको मानव बेचबिखन, विशेष गरी युवा महिला बेचबिखन रोक्न विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै यस्ता जोखिममा रहेका समुदायलाई शिक्षा र रोजगारीका लागि विशेष प्राथमिकता प्रदान गरिने छ ।

(४) बेचबिखनमा परेका तथा वैदेशिक रोजगारीका नाममा ठगिएका युवालाई नेपाल फर्काउन विशेष प्रबन्ध गर्दै तिनलाई नेपाली समाजमा सहज जीवनयापन गर्न सक्ने वातावरण सिर्जना गरिने छ ।

(५) युवा महिलालाई सङ्गठित गरी अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा मानव ओसारपसार तथा बेचबिखन रोकथाम तथा नियन्त्रणमा परिचालन गरिने छ ।

**(झ) अपराध तथा हिंसामा संलग्न युवालाई मुक्त गर्ने,**

(१) विभिन्न प्रकारका हिंसामा देखिएको युवाको संलग्नता निरूत्साहित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(२) आपराधिक, गैरकानुनी, तथा असामाजिक क्रियाकलापमा युवाको संलग्नतालाई निरूत्साहित गर्न विशेष प्रबन्ध मिलाइने छ ।

(३) अपराध, हिंसा, गैरकानुनी तथा गैरसामाजिक क्रियाकलापहरूमा संलग्न युवालाई सुधारपश्चात् पुन: स्थापन गर्ने र समाजमा सहज जीवनयापनको वातावरण बनाउन समन्वयात्मक ढङ्गले कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

**(ञ) वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता :**

(१) जैविक विविधता, हिमाल, हिमताल, सिमसार क्षेत्र र जलाधार संरक्षण गर्न युवा परिचालन गरिने छ ।

(१) विश्वव्यापी जलवायु परिवर्तन, तापमानमा वृद्धि, जलवायु प्रदूषण, प्राकृतिक स्रोतको अति दोहन रोक्ने आवश्यक काममा युवा परिचालन गरिने छ।

(३) दिगो विकास तथा वातावरण संरक्षणमा युवा समूहहरूको सहभागिता बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिइने छ।

**(ट) विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँच,-**

(१) विज्ञान तथा प्रविधि क्षेत्रका विशिष्ट युवा प्रतिभालाई प्रोत्साहन गर्ने तथा उनीहरूलाई विदेशमा अध्ययन तथा तालिमको व्यवस्था गरी स्वदेशमा सम्मानित स्थान दिने वातावरण तयार गरिने छ।

(२) साधनस्रोतहरूको उपयोग, कृषि, पशुपालन, जडीबुटी उत्पादन तथा प्रशोधन, जलविद्युत् लगायतका क्षेत्रमा आधुनिक प्रविधिको विकासमा मेधावी युवालाई आकर्षित गर्न विशेष छात्रवृत्तिको व्यवस्था गरिने छ।

(३) सूचना तथा सञ्चार प्रविधिमा ग्रामीण क्षेत्रका युवाको पहुँच कायम गर्न समन्वयात्मक ढङ्गले कार्यक्रम सञ्चालन गरिने छ।

(४) विशेष प्राथमिकताको समूहमा परेका युवाका लागि सूचना प्रविधिसम्वन्धी तालिम सञ्चालन गरिने छ।

(५) विश्वव्यापीकरणको युगमा सूचना र सञ्चार प्रविधिमा दक्ष बनाउँदै नेपाली युवालाई विश्व बजारमा प्रतिस्पर्धी वनाइने छ।

**(ठ) दिगो शान्ति स्थापना र द्वन्द्व समाधानमा युवा सहभागिता,-**

(१) शान्ति स्थापना, सत्य निरूपण र मेलमिलापका प्रक्रियाहरूमा युवाको सार्थक सहभागिता सुनिश्चित गरिने छ।

(२) युवा सङ्घ/सङ्गठन तथा संस्थाहरूलाई शान्ति स्थापना एवं द्वन्द्व रूपान्तरणमा सहभागी गराइने छ।

(३) वर्ग, जाति, भाषा, क्षेत्र र लिङ्गका आधारमा देखिएका विभाजन कम गर्न युवालाई प्रशिक्षित गरी परिचालन गर्ने कार्यक्रमहरूलाई बढावा दिइने छ।

(४) विविधताको सम्मान गर्दै राष्ट्रिय एकता कायम गर्न युवालाई प्रोत्साहन एवं परिचालन गरिने छ।

(ड) समविकास,-

(१) सामाजिक समावेशीकरणको नीति कार्यान्वयन गर्न विशेष प्राथमिकताको समूहमा रहेका युवालाई दृष्टिगत गरी विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

(२) प्राथमिकता तथा विशेष प्राथमिकताको समूहमा रहेका र गरिबीको रेखामुनि रहेका युवाको प्रतिभा पहिचान गरी सकारात्मक विभेदका कार्यक्रम मार्फत उनीहरूको विकासमा सहयोग गरिने छ ।

(ढ) विशेष समूहगत प्राथमिकता,-

(१) अपाङ्गता भएका युवाले सहज ढङ्गले शिक्षा ग्रहण गर्न सक्ने विशेष शिक्षण पद्धति अपनाउँदै सुविधायुक्त विद्यालय र शैक्षिक केन्द्रहरू स्थापना गरिने छ ।

(२) क्षमता अनुसारको सिपमूलक र व्यावसायिक शिक्षा प्रदान गर्दै अपाङ्गता भएका व्यक्तिहरूले कार्यसम्पादन गर्न सक्ने रोजगारी पहिचान गरी आवश्यक व्यवस्था मिलाइने छ।

(३) सार्वजनिक यातायात, भवन, शौचालय लगायतका स्थानलाई अपाङ्गतामैत्री बनाउने व्यवस्था मिलाइने छ ।

(४) अपाङ्गता भएका युवालाई आवश्यक पर्ने सहयोगी सामग्री सहज र सुलभ रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

(५) जोखिममा रहेका युवाको उपचार एवं पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्दै सिपमूलक र व्यावसायिक शिक्षाका साथै उचित रोजगारीको व्यवस्था गरी समाजमा पुनःस्थापन गराउने नीति अवलम्बन गरिने छ ।

(६) द्वन्द्वपीडित युवालाई शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा विशेष प्राथमिकता प्रदान गर्ने व्यवस्था मिलाई पुनःस्थापना गर्ने कार्यक्रमहरू अघि बढाइने छ । साथै सिपमूलक तालिमको व्यवस्था गरी रोजगारीको उचित प्रबन्ध गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(७) अल्पसङ्ख्यक र सीमान्तकृत युवाको प्राकृतिक, सामाजिक, सांस्कृतिक एवं परम्परागत स्रोतमाथि पहुँच कायम गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(८) परम्परागत पेशा र सिपको संरक्षण, संवर्द्धन र आधुनिकीकरणमा विशेष जोड दिइने छ।

(९) शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा यस समूहका युवालाई विशेष प्राथमिकता प्रदान गरी सशक्तीकरण र अभिमुखीकरण गर्दै राष्ट्रिय विकासको मूलधारमा समाहित गरिने छ।

(१०) दलित तथा पिछडिएको क्षेत्रका युवाका लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा पहुँच बढाउन राज्यले विशेष प्राथमिकता दिनेछ।

ग) साझेदारी,-

(१) युवाको विकास गर्न संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, राजनीतिक युवा सङ्घ–सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र दातृ निकायको साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गरिने छन्।

(२) युवाले नेतृत्व गरेका वा युवा विकासमा कार्यरत सङ्घ संस्था, सञ्जाल, युवा क्लब, रेडक्रस, स्काउट र गैर सरकारी तथा निजी क्षेत्रका युवा उद्यमी संस्थाहरूको साझेदारीमा सहकार्य गरी यो नीति कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ।

(३) शान्ति र विकासका क्षेत्रमा युवासँग साझेदारी गर्ने र युवासम्वन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यकता अनुसार कोष स्थापना गरिने छ।

(६) स्थानीय तहबाट सञ्चालन हुने कार्यक्रमहरूमा निश्चित प्रतिशत बजेट छुट्याई युवा विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

११.संस्थागत व्यवस्था,-

(क) **सरकारी क्षेत्र :** यो युवा नीति कार्यान्वयनको नेतृत्व बडीमालिका नगरपालिकाले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वयमा गर्नेछ। यस नीतिले परिलक्षित गरेका क्षेत्रगत कार्यक्रम कार्यान्वयन तथा अनुगमन र समन्वयको जिम्मेवारी विषयगत शाखाको हुनेछ। आफ्नो कार्यक्षेत्रभित्र परेका विषयहरु कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कानुनी व्यवस्था मिलाउने छन्। साथै प्रदेश सरकारले आवश्यक नीति निर्माण र संस्थागत व्यवस्था गरी यस नीतिको कार्यान्वयन गर्दै लैजानेछन्। राष्ट्रिय युवा परिषद्ले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित युवा सम्बन्धी कार्यक्रमहरूको संयोजन, समन्वय तथा सहजीकरण गर्नेछ। परिषद् तथा मातहतका निकायहरूको कार्य सञ्चालन



CamScanner

गर्न आवश्यकता अनुसार कानून बनाई आर्थिक तथा प्रशासनिक व्यवस्था मिलाइने छ।

यस नीति बमोजिम स्थानीय तहमा युवाका आवश्यकता अनुसार युवाको नेतृत्व, सिप र उद्यमशीलता विकासका लागि हालका युवा सूचना केन्द्रलाई राष्ट्रिय युवा परिषद् अन्तर्गत ल्याई स्तरोन्नति गर्नुका साथै आवश्यकतानुसार संरचना विस्तार गरिने छ। साथै युवा विकास, क्षमता विकास र प्रविधि विकास कार्यक्रममा संलग्न संघसंस्था एवं निकायले सञ्चालन गर्ने कार्यक्रममा समन्वय गरी एकरुपता कायम गरी र गुणस्तरीय बनाउन व्यवस्था मिलाइने छ। नगर स्तरमा एक नगर र वडा स्तरमा युवा समिति गठन गरी युवा परिचालन र शसक्तिकरणका कार्यक्रम संचालन गरिनेछ।

नीतिको कार्यान्वयन यस बडीमालिका नगरपालिका मार्फत हुने भएकाले समन्वयका लागि नगर प्रमुखको संयोजकत्वमा 'नगर स्तरिय युवा नीति अनुगमन तथा मूल्याङ्कन समिति' गठन गरिने छ।

(ख) **गैरसरकारी एवं निजी क्षेत्र:** युवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न युवा सङ्घ/सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र, सहकारी, नागरिक समाज र स्थानीय निकायहरूलाई प्रोत्साहन तथा परिचालन गरी उपयुक्त वातावरण सिर्जना गरिने छ। यस्ता सङ्घ संस्थाको स्रोतलाई युवासम्बन्धी कार्यक्रममा परिचालन गर्न साझेदारका रूपमा लिइने छ। यस कार्यको निर्देशन तथा समन्वय बडीमालिका कार्यपालिकाले गर्नेछ।

## १२. आर्थिक पक्ष :

यस नीतिको कार्यान्वयन नेपाल सरकारका सम्बद्ध निकायहरुको नियमित बजेट मार्फत गरिने छ र यस बडीमालिका नगरपालिकाले आफ्ना आवधिक तथा वार्षिक योजनामा यस नीतिले निर्दिष्ट गरेका युवा विकासका उद्देश्य तथा नीतिलाई प्राथमिकता दिई कार्यान्वयन गर्दै लानेछन्। यसका अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र दातृ निकायसँगको

समन्वय तथा साझेदारीमा यस नीतिले परिलक्षित गरेका युवा विकासका कार्यक्रम सञ्चालनका लागि थप स्रोत जुटाई परिचालन गरिने छ ।

## १३. अनुगमन र मूल्याङ्कन :

यो नगर स्तरीय युवा नीति कार्यान्वयन गर्दा यसले प्राप्त गर्ने प्रतिफल र उद्देश्यहरू पूर्ण वा आंशिक रूपमा पूरा भए/भएनन् भनी प्रभावकारिता एवं प्रभाव अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रका रूपमा बडीमालिका नगरपालिका कार्यपालिका ले गर्ने छ । त्यसका लागि आवश्यकता अनुसार क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाइने छ । अनुगमन तथा मूल्याङ्कनका लागि क्षेत्रगत शाखाहरु, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी सहभागिता मूलक अनुगमन प्रणाली अवलम्बन गरिने छ । यो नीति कार्यान्वयनको प्रत्येक दुई वर्षमा समीक्षा गरिने छ र आवश्यकता अनुसार पुनरावलोकन गरी परिमार्जन र सुधार गर्दै लगिने छ ।

..........................................................................................